# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड १ संख्या ९ मंसिर ६ गते, २०७४ साल**

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७४ सालको कार्यविधि नं. ९

## आर्थिक सहयोग सम्बन्धी कार्यविधि २०७४

**प्रस्तावना :**

मादी गाउँपालिका भित्र स्थायी रूपमा बसोवास गर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूलाई दीर्घ रोगको पहिचान गरी सोको जानकारी प्राप्त भएपछि गाउँपालिकाबाट पोषणयुक्त खाना तथा यातायात खर्चको लागि गरिने आर्थिक सहयोग उपलब्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अन्तर्गत गाउँ कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी जारी गरीएको छ ।

**नियम : १ असाध्य रोगहरू भन्नाले देहायका रोगहरूलाई जनाउँदछ।**



मादी गाउँपालिका कास्की

(क) मुटुरोग ।
(ख) मृगौला सम्बन्धी रोग ।
(ग) क्यान्सर रोग ।
(घ) अल्जाईमर ।
(ङ) पार्किन्सन ।
(च) ब्रेन ट्यूमर ।

**नियम : २** माथि नियम १ मा उल्लेखित रोगहरूका हकमा देहाय बमोजिम आर्थिक सहायता प्रदान गरिने छ ।

(क) मुटुरोग रु १० हजार
(ख) मृगौला सम्बन्धी रोग १० हजार
(ग) क्यान्सर रोग  १० हजार
(घ) अल्जाईमर ५ हजार
(ङ) पार्किन्सन ५ हजार
(च) ब्रेन ट्यूमर रु १० हजार

**नियम : ३** यस प्रकारको आर्थिक सहायता माथि उल्लेखित रोगहरूका अलावा नेपाल सरकारले पहिचान गरेका असाध्य रोगहरूको हकमा पनि लागु हुने छ ।

**नियम : ४** आर्थिक सहायता प्राप्त गर्नका लागि अस्पतालले रोग निदान गरेको पत्र तथा वडा कार्यालयको सिफारिस हुनुपर्ने छ ।

**नियम : ५** असाध्य रोगको पहिचान नभएका तर असाध्य प्रकृतिका रोग वा दैनिक जीवनमा प्रत्यक्ष असर पर्ने गाउँपालिकाका अध्यक्षलाई लागेमा गाउँ कार्यपालिकाबाट अनुमोदन गर्ने गरी आर्थिक सहायता प्रदान गर्न सक्ने छ । यसरी सहायता प्रदान गर्दा एक आर्थिक वर्षमा एक जना व्यक्तिलाई एक पटकभन्दा बढी गर्न सकिने छैन ।

**नियम : ६** यो नियम कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि लागू हुनेछ ।

आज्ञाले,
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका, कास्की